# गुर्भाकोट नगरपालिकाको

## आर्थिक ऐन (पहिलो संशोधन), २०७९

**प्रस्तावनाः** गुर्भाकोट नगरपालिकाको आर्थिक वर्ष २०७९/२०८० को अर्थ सम्बन्धि प्रस्तावनालाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले गुर्भाकोट नगरपालिकाको बाह्रौं नगर सभाले यो संशोधन विधेयक बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम गुर्भाकोट नगरपालिकाको आर्थिक (पहिलो संशोधन) ऐन २०७९ रहेको छ।

२ यो आर्थिक आर्थिक (पहिलो संशोधन) ऐन २०७९ नगरसभावाट पारित भै प्रमाणिकरण पश्चात गुर्भाकोट नगरपालिका क्षेत्रमा लागु हुनेछ।

३ मुल ऐन को दफा ५ पछि देहायको प्रतिवन्धात्मक वाक्यांश राख्ने
तर एक आर्थिक वर्ष भन्दा बढी म्याद सकिइ नविकरण हुन नसकेका घ वर्ग निर्माण व्यवसायीहरुले २०७९ चैत्र मसान्त भित्र नविकरणको लागि निवेदन दिन आएमा प्रति वर्ष रु १५००० लिई एक पटकका लागि घ वर्ग को इजाजत पत्र नविकरण गरिनेछ

अनुसुची-५

४ मुल ऐन को दफा ६ अनुसारको जडिवुटी, कवाडी र जीवजन्तु करको अनुसूचि ५ को सि न २ पछि देहायको सि नं ३ थप गर्ने

अनुसुची-५

दफा ६

| | | |
|---|---|---|
| ३ | सल्लाको खोटो प्रति टिन | रु ५ |

५ मुल ऐन को दफा ७ अनुसार विज्ञापन करको अनुसूचि ६ को सट्टा देहायको अनुसूचि ६ राख्ने

अनुसुची-६

दफा ७ सँग सम्बन्धित

**विज्ञापन कर**

| सि.नं. | विवरण | दर |
|---|---|---|
| १ | होडिङ्ग बोर्ड फ्लेक्स वोर्ड प्रति वर्ग फिट मदिरा तथा सुर्ती जन्य बाहेकमा वार्षिक | ३० |
| २ | ग्लो वोर्ड 2d, 3d विद्युतीय वोर्ड प्रति वर्ग फिट वार्षिक | १५० |

| | | |
|---|---|---|
| ३ | ब्यानर पोलमा झुण्डाउने प्रति पिस (बढिमा १५ दिन) | ५० |
| ४ | भित्ते लेखन सटर पेन्टिङ्ग प्रति वर्ग फिट  वार्षिक | २० |
| ५ | प्रचा पम्पलेट स्टिकर प्रति गोटा | ।५० |
| ६ | गाडीमा लेखी वोकी माइकिङ्ग  प्रति दिन प्रति साधन | ५० |
| ७ | डुमलाइट फ्लेजर प्रति गोटा प्रति दिन | १०० |
| ८ | छाता डमी स्टल प्रति गोटा प्रति दिन | ५० |

६ आर्थिक  ऐन को दफा  १० अनुसारको अनुसूचि ८ को खण्ड ३ सि नं ४८.४ पछि देहायका सि नं थप गर्ने तथा सि नं ६६ पछि देहायको  सि नं ६७ ६८ ६९ ७० ७१ र ७२ थप गर्ने

| | | |
|---|---|---|
| ४८.५ | विद्यालय संचालन  तथा कक्षा थप अनुमति प्रदान  संस्थागत आधारभूत तह | ६००० |
| ४८.६ | विद्यालय संचालन  तथा कक्षा थप अनुमति प्रदान  संस्थागत माध्यमिक तह | १०००० |

| | | |
|---|---|---|
| ६७ | सानासवारी कर  रुट प्रमिट प्रतिलिपी शुल्क | २०० |
| ६८ | कृषि समूहको विधान शुल्क | ३०० |
| ६९ | कृषि पकेट तथा व्लक दर्ता शुल्क | २०० |
| ७० | रसायनकि मल वितरक संस्था  दर्ता शुल्क | १००० |
| ७१ | रसायनकि मल वितरक संस्था  नविकरण शुल्क | ५०० |
| ७२ | को भिड क्यू आर कोड सिफारिश शुल्क | १०० |

७ आर्थिक  ऐन को दफा  १२ अनुसारको अनुसूचि १० को  सि नं ७ पछि देहायका सि नं थप गर्ने

अनुसुची-१०

दफा १२ सँग सम्बन्धित

| | | |
|---|---|---|
| ७ | प्रोजेक्टर भाडा प्रति दिन | १००० |